# हुण्डी कारोबारमा संलग्न रहेका मदनकुमार प्रहरीको नियन्त्रणमा

*साझेदारी संवाददाता*
*कलैया, १६ वैशाख*

बारा प्रहरीले हुण्डी कारोबारमा संलग्न रहेका अवैध रकम करिव रु. ३ लाख ५० हजार रुपैयाँ सहित एक जनालाई नियन्त्रणमा लिएको छ ।

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बारा कलैयाबाट खटिएको प्रहरी टोलीले शनिबार बाराको कलैया उपमहानगरपालिका वडा नम्बर १२ सितलपुर स्थित सडक खण्डमा मदन कुमार मिश्राले मधेश प्रदेश ०३-०२५ प ७६९८ नं. को पाईसन प्रो (passion pro) मोटरसाईकलमा भारतबाट नेपालमा श्रोत नखुलेको रकम ओसार पसार गर्ने क्रममा उनलाई नियन्त्रणमा लिएको



*पक्राउ परेका मिश्रा ।* *तस्बिर : बारा प्रहरी*

बाक्की तेस्रो पृष्ठमा

# भिगोरियस र नियमित चेकिङ्गको क्रममा तीन सय १४ सवारी साधन प्रहरीको कारवाहीमा

*साझेदारी संवाददाता*
*कलैया, १६ वैशाख*

प्रहरी कारवाहीको सिलसिलामा बैशाख १५ र १६ गते दिउसो जिल्ला प्रहरी कार्यालय बाराका मातहत समेत गरी ३० स्थानमा अपराध नियन्त्रण,रोकथाम तथा यातायात व्यवस्थापनको लागी ट्राफिक प्रहरी सहितको टोलीले भिगोरियस चेकिङ गरि ट्राफिक नियम विपरित चलाईएका एक सय चार सवारी साधनहरूलाई कारवाही गरेको छ।

कारवाही स्वरुप प्रहरीले ८८ हजार ५ सय रुपैयाँको राजश्व संकलन गरेको छ।

नियमित जाँचको क्रममा प्रहरीले २ सय १० सवारी साधनहरूलाई कारवाही गरेको छ।



*सवारी साधन जाँच गरिदै ।* *तस्बिर : बारा प्रहरी*

बाक्की तेस्रो पृष्ठमा

# नेशनल मेडिकल कलेजका एमडी र ल्याब ईञ्चाजको बयान लिइन्छ –पर्सा एसपी

*साझेदारी संवाददाता*
*वीरगञ्ज, १६ बैशाख*

वीरगञ्जमा रहेको नेशनल मेडिकल कलेजका एमडी र ल्याब ईञ्चार्जको बयान लिने जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कुमोद ढुंगेलले बताएका छन् ।

प्रहरीले पकाउ पनि गरेका मुद्दा पनि चलाएकोले आफूहरुको लागि मानिस नभई कानुन ठुलो भएकोले कानुनी रुपले कारवाही अघि बढाउने प्रउ ढुंगेलले जानकारी दिए ।कलेजको ल्याबमा म्याद गुज्रिएको केमिकल भेटिएपछि पकाउ परेकै दिनदेखि कलेजका एमडि र ल्याब ईन्चार्ज साह प्रहरी हिरासतमा एक दिन पनि बसेका छैनन् ।पकाउ परेकै दिन स्वास्थ्यमा समस्या भएको भन्दै एमडि अन्सारी र ल्याब ईन्चार्ज साह नारायणी अस्पतालमा भर्ना भएका थिए । भर्ना भएको भोलि पल्टि नै दुबैजना नारायणी अस्पतालबाट पनि रेफर गराएर सुबिधा सम्पन्न वीरगञ्ज हेल्थ केयरमा भर्ना भएका थिए । नेशनल मेडिकल कलेजको ल्याबमा म्याद गुज्रिएको केमिकल भेटिएपछि कलेजका एमडि शहनवाज अन्सारी र ल्याब ईन्चार्ज सञ्जय साहलाई प्रहरीले तत्कालै पक्राउ गरेको थियो । बितेको चैत २६ गते कलेजमा पुगेको अनुगमन टोलीले अनुगमनको क्रममा म्याद गुज्रिएको केमिकल भेटेपछि पकाउ गरिएका एमडि अन्सारी र ल्याब ईन्चार्ज साह बिरुद्ध प्रहरीले कालोबजारी मुद्दा चलाएको थियो । कालो बजारी मुद्दा नै चलेपनि पछि दुबैजना छुटेका थिए । उक्त मुद्दामा अदालतले बितेको चैत २८ गतेका दिन दुबै जनालाई पाँच दिनको म्याद थप गरेको थियो । तर, प्रहरीले सोही राति हाजिरी जमानीमा दुबै जनालाई छाडेको थियो । यसरी अदालतले म्याद थप गरेको भएपनि प्रहरीले अभियुक्तहरुलाई हाजिरी जमानीमा छाडेपछि आम मानिसहरुको प्रहरीमाथि शंका उब्जेको छ ।सामान्य मानिसले सानो गल्ती गरेकै भरमा थुनामा राख्न समेत पछि नपर्ने प्रहरीले किन नेशनल मेडिकल कलेजका एमडि अन्सारी र ल्याब ईन्चार्ज साहलाई छाडिदियो भन्ने कुराले सानालाई ऐन ठुलालाई चैन भन्ने कुराको पुष्टि त गरेका छैन भन्ने प्रश्न पनि वीरगञ्जमा जनस्तरमा सर्वसाधारणको मनमा उठेको छ ।

# महासंघले सदस्यता नदिएको भन्दै अधिवेशनस्थलमै सदस्यताका माग गर्ने सञ्चारकर्मीद्वारा प्रर्दशन

*साझेदारी संवाददाता*
*राजविराज, १६ बैशाख*

नेपाल पत्रकार महासंघको सप्तरी शाखाको आइतबार गरिरहेको अधिवेशनस्थलमा सदस्यताका ईच्छुक सञ्चारकर्मीहरुले प्रदर्शन गरेका छन् । सप्तरी शाखाको ११ औं अधिवेशन तथा साधारणसभा सप्तरीकै तिरूहुत गाउँपालिका-५ लोहजारस्थित ठाकुर बाबा दह पर्यटकीय स्थलमा औपचारिक रुपमा भइरहेको हो । अधिवेशनको उद्घाटन सत्र सुरु भएसँगै महासंघको नयाँ सदस्यताका ईच्छुक आवेदक पत्रकारहरूले प्रदर्शन गरेका हुन् ।

उनीहरूले हामीलाई सदस्यता किन दिइएन ? के हामी अपराधी हौं ? सदस्यताको अधिकार किन खोसियो ? के हामी पत्रकार होइनौं र ? हाम्रो के अपराध भन्ने नारा लेखिएको व्यानरका साथ प्रदर्शन




*व्यानर बोकेका सञ्चारकर्मीहरु प्रदर्शन गर्दै । तस्बिर : साझेदारी*

बाक्की तेस्रो पृष्ठमा


# विद्युतीय मोटर चोरी गर्ने दुई जना बारा प्रहरीको नियन्त्रणमा

*साझेदारी संवाददाता*
*कलैया, १६ वैशाख*

बारा प्रहरीले विद्युतीय मोटर चोरी गर्ने दुई जनालाई नियन्त्रणमा लिएको छ।

चैत २५ गते रातीको समयमा जिल्लाको कलैया उप-महानगरपालिका वडा नम्बर १६ मझौलिया बस्ने लक्ष्मी महतो कोईरीले संचालन गरेको माछा पोखरीबाट पानी तान्ने विद्युतीय मोटर चोरी भएको सूचना जिल्ला प्रहरी कार्यालयमा प्राप्त हुनासाथ उक्त मोटर खोज तलास गरी दुई जनालाई नियन्त्रणमा लिइएको हो।

पक्राउ पर्नेमा बाराको



*सवारी साधन जाँच गरिदै ।* *तस्बिर : बारा प्रहरी*

बाक्की तेस्रो पृष्ठमा


# देवताल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पिप्राढी गोठ, बारा
मधेशप्रदेश,नेपाल

## सेवा करारमा सहजकर्ता पदपूर्ती गर्ने सम्बन्धी सूचना ।

*दोश्रो पटक प्रकाशितमिति:२०८१/१/१७ गते*

देवताल गाउँपालिकाको चालु आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको शशर्त अनुदान अन्तर्गत किसान सूचिकरणको लागि किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को दफा १९ को उपदफा २ बमोजिम कृषक दर्ता तथा व्यवस्थापनको लागि यस गाउँपालिकामा किसान सूचीकरण गर्न सेवा करारमा सहजकर्ता पदपूर्ति गर्न देहायको संख्यामा करारमा राखु पर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रितपूर्वक दर खास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद / तह | माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १६/२०८०/०८१ | सहजकर्ता | ७ (जना) | ५००|- | |

*आवश्यक न्यूनतम शैक्षिक योग्यता:*

- मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा १०+२ वा सो सरह उतिर्ण गरेको।
- आधारभूत कम्प्युटर सम्बन्धि ज्ञान भएको, इन्टरनेट चलाउन सक्ने ।
- एन्ड्रोईड वा स्मार्ट मोबाईल, ट्याबलेट वा ल्यापटप साथमा भएको र चलाउन जान्ने. ।
- उमेरको हद १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
- कृषितथा भेटेरिनरी अध्ययन गरेकालाई प्राथमिकता दिईने ।

२. **आवेदन दस्तुर बुझाउने स्थान: देवताल गाउँपालिकाको राजश्व शाखामा वुझाउनु पर्नेछ ।**
३. **दरखास्त दिने अन्तिम मिति: सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र र सो दिन सार्वजनिक विदा परेको खण्डमा विदा पछि कार्यालय खुलेको पहिलो दिन ।**
४. **दरखास्त फाराम साथ संलग्न कागजातहरु: आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।**
   क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
   ख) तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।
   ग) सम्बन्धितकाम संग अनुभवभए सो कागजातको प्रमाणपत्रको प्रतिलिपि।
   घ) आधारभुत कम्प्युटर सिप भएको ।
   ङ) ३ प्रतिफोटो ।
   च) परीक्षा दस्तुर जम्मा गरेको सक्कल भौचर ।
५. **छनौटको किसिम: छोटी सूची तथा अन्तरवार्ता ।**
६. **सेवा सुविधा:किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ अनुसार प्रति घरधुरीको तथ्याङ्क संकलनतथा प्रविष्ट गरे वापत रु. ७५/- का दरले रकमपाउने छ ।**
७. **दरखास्त दिने स्थान: देवताल गाउँपालिकाको कार्यालय पिप्राढि गोठ, बारा**

*प्रमुख प्रशासकीय अधिकृत*



## घर विक्री सम्बन्धी सूचना ।

*बाराको कलैया उपमहानगरपालिका वडा नम्बर १ मा रेहको १० धुर जग्गामा निर्माण भएको आकर्षक तथा सुविधा सम्पन्न अढाई तल्ले घर अर्जेन्ट विक्रीमा रहेको हुनाले खरिद गर्न ईच्छिुक जो कोहीले सिधा सम्र्पक गर्न सक्नुहुने छ ।*

***सम्र्पक नम्बर***

*९८०४२६७३१४, ९८५५०३१२७३*



## जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहर समयमै गर्ने गरौं ।

सुवर्ण, प्रसौनी, देवताल, फेटा, करैयामाई र आदर्शकोतवाल गाउपालिकाको कार्यालय,बाराषारा जनहितमा जारी सन्देश